अनुसूची ५

# आर्थिक बर्ष २०७७/२०७८ को नीति, कार्यक्रम तथा बजेट

रामधुनी नगरपालिका
सुनसरी, जिल्ला
झुम्का, सुनसरी
प्रदेश नं. १

# रामधुनी नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट
# २०७७/२०७८

रामधुनी नगरपालिका

# उपप्रमुख श्री सविना कुमारी चौधरी ज्यूबाट
# प्रस्तुत

## आ.व. २०७७।०७८ का नीति, बजेट तथा कायक्रम बक्तव्य

### यस गरिमामय रामधनी नगरपालिको सातौ नगरसभा समारोहका सभाध्यक्षज्यू

यस न.पा.का १० वटै वडाका वडा अध्यक्ष ज्यूहरु,
विषयगत समितिका संयाजक ज्यूहरु,
नगरकार्यपालिकाका सदस्य ज्यूहरु,
नगर सभाका सम्पूण सदस्य ज्यूहरु,
संचारकर्मी तथा पत्रकार मित्रहरु,
यस नगरपालिका अन्तगतका विभिन्न समिति तथा उप-समितिका संयाजक तथा सदस्य ज्यूहरु,
साथै यस नगरपालिकाका सम्पूण कर्मचारी मित्रहरु तथा उपस्थित महानुभाव ज्यूहरु,
मा विहनीपखको नमस्कार, न्याना अभिवादन ।

रामधुनी नगरपलिकाको उप-प्रमुखका तथा बार्षिक योजना तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आगामि आर्थिक वष ०७७।०७८ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएकी छु । यस अवसरमा राजनीतिक परिवर्तका लागि जीवन उत्सर्ग गर्नु हने सम्पूण सहिदहरु प्रति हार्दिक श्रद्वाञ्जली व्यक्त गदछु । त्यसै राष्टिय-स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र सम्बद्धिका लागि संघर्ष गर्नु हने महान नेपाली नागरिक प्रति हादिक सम्मान प्रकट गर्दछु ।

लमा संघष पछि नेपाली जनताको चाहाना अनुरुप संघीयता सहितका समावशी जनपतिनिधि मूलक राज्य प्रणाली स्थापना भएका छ । तीनै तहका निर्वाचनबाट संघीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएका छ । यस नगरपालिकाबाट विगत ३ वषको अवधिमा आवधिक नगर विकास योजना, ऐतिहासिक तथा धामिक पर्यटकीय क्षेत्र रामधुनी क्षेत्रका र नगरपालिका समग्र क्षेत्रको पर्यटन गुरु योजना, व्यवस्थित मिटमाट सन्टर (मासु पसल) संचालन, विपद व्यवस्थापन योजना, विद्यालयहरुको सुक्ष्म अध्ययन गरि वस्तुगत स्थितिको याजना तथा नक्सानकन, नगरपालिकाका मुख्य कार्यालय र वडा कार्यालयहरुको भवन निर्माण, बालमैत्री वडा तथा नगर घोषणाको चरणमा पुरयाएको, विविध अभिमूखिकरण कार्यक्रम, कार्यालय व्यवस्थापन, योजना फरफारकमा सरलीकरण, एकीकृत सम्पत्ति करको व्यवस्थापन कार्य, वातावरण मैत्री कार्यालय संचालन नगरवासीमा छिटा छरिता रुपमा सेवा प्रवाह र नगरका सव वडामा आधारभुत स्वास्थ्य केन्द र शहरी स्वास्थ्य केन्द्रहरुका संचालन तथा भवन निर्माण, टोल विकास संस्थाहरुको गठन, सडक नाला पुल पुलेसा निमार्ण, विद्युत विस्तार लगायतका कार्यहरु मुख्य मुख्य उपलब्धी हुन भन्न मले विश्वास लिएका छु ।

सभा अध्यक्ष ज्यू

अब यस नगर सभामा रामधुनी नगरपालिकाको पृष्ठभमी र चालु आ.ब.का समिक्षा राख्न चाहन्छ ।

## खण्ड -१
## परिचय र समिक्षा

### १.१ पृष्ठभुमीः

नेपालका संविधान २०७२ संगै प्रदेश नं. १ का १४ जिल्ला मध्ये सुनसरी जिल्लामा अवस्थित पूर्वमा ईटहरी उपमहांनगरपालिका, पस्चिममा वराह नगरपालिका, उत्तरमा धरान उपमहानगरपालिका तथा दक्षिणमा इनरूवा नगरपालिका संग जोडिएर झण्डै खरायोको आकारमा ९१.६९ बर्ग कि.मि.मा फैलिएका यो नगर २०७१ साल मंसिर १६ गत नेपाल सरकारबाट रामधुनी(भासी नगरपालिकाका रुपमा घोषणा भई सोहि सालका पौष १ गत बाट नगरपालिकाको हैसियतमा विधिवत रुपमा आफना कार्यारम्भ गरेको नयां नगरपालिका हा । इनरूवा र इटहरी नगरपालिकाका बीचमा रहेको तथा विगतको भादगाउँ सिनवारी र सिगिया गा.वि.स.गरी दुई वटा गाविसलाई मिलाएर रामधुनि(भासी नगरपालिकाको रुपमा स्थापित भएका यो नगर स्थानीय तह पुनरसंरचाना आयोगको प्रतिवेदन २०७३ का आधारमा साविकका बक्लौरी गाविसका सव र डुम्राहा गाविसका १, ३, ४, ५ र ६ गरी जम्मा ५ वटा वडाहरू लाइ समेत मिलाएर रामधुनी नगरपालिकाको रुपमा पुनसंरचित हन पुग्यो । भौगोलिक अवस्थिति र स्थानीय बासिलाइ सर्वसुलभ सेवा प्रवाहको हिसावले साविकका १० वटा वडामा विभाजन गरिएका यस नगरलाई प्रशासनिक सुगमता र सेवा प्रवाहमा सहजताकालागि बर्तमानमा ९ वटा वडाहरूमा विभक्त गरिएको छ ।

संबिधानका घोषणा पछि नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीमा पूण रुपले प्रवेश गरिसकेको अवस्था छ। यसै पद्धती अनुरुप राज्यलाइ संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहेर शासन सञ्चालनका व्यवस्थाकासाथ कमिक रुपले कार्यान्वनयका चरणमा अघि बढीरहेकोछ। संविधान प्रदत्त स्थानीय तहका अधिकार क्षेत्र र स्थनीय विकासका आधारभुत क्षेत्रहरूका प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आम नेपालीकालागि आजको प्रमुख अभिभारा भएकोछ। यस अभिभारालाइ परिणाममुखि बनाउन स्थनीय सरकारका हैसियतमा स्थनीय तहले रामधुनी नगरपालिकाले आ.ब. २०७७/०७८ का बार्षिक नगर बिकासकोलागि नीति, कार्यकम बजेट तयार पर्नु अनिवार्य छ। तसर्थ रामधुनी नगरपालिकाले योजना तर्जुमाका ७ चरणको प्रकृया पुरा गरि नगरबासीको अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता कमिक रुपले पुरा गर्दै यस नगरलाई समृद्ध नगरको रुपमा बिकास गर्न नीति, कार्यकम बजेट तयार गरी सोहि बमोजिम नगर विकासका तमाम योजना तथा कार्यकमहरूलाई परिलक्षित, सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धता का साथ यो नीति, कार्यकम बजट तयार तयार गरिएको छ।

### १.२ चालु आ.ब. २०७६/२०७७ को नीति, कार्यकम तथा बजेटको समिक्षा :

वैज्ञानिक भूमी सुधार तथा भ-उपोग नीतिका आधारमा भूमिका बर्गिकरण गरिनेछ । कृषि योग्य जमिन, चक्लाबन्दी गरी सुपरजोन ब्लक र पकेट क्षेत्र स्तरका आधुनिक फर्महरुको विकास गरिनेछ। पशुपालन, माछापालन, तरकारी तथा फलफूल, दूध र आधारभूत खाद्यान्न गरी पाँच क्षेत्रमा आत्मनिर्भर बनाउने, हाट बजारको उचित व्यवस्थापन गर्ने, कृषी जन्य प्रकोप नियन्त्रण गर्ने, कृषी विमा, शित भण्डारको व्यवस्था, कृषक समुह गठन तथा व्यवस्थापन लगायत १३ वटा नीति लिइएकोमा सा सम्बन्धि बजेटको व्यवस्था गरि बिशेष कार्यकमहरु सम्पन्न गरि गरिएको छ।

पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने, पशुपन्छी बजार सूचना, हाटबजारका पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन गर्ने, पशु नश्ल सुधार पद्धति विकास र व्यबस्थापन गर्ने, पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गर्ने, पशु बधशाला र मिटमार्ट सेन्टर व्यस्थापना गर्ने, वडा नं. ४, ८ र ९ लाइ बाखा पालन पकेट क्षेत्र बनाउने नीति रहेकोमा कृषकहरुलाई पश

निशुल्क औषधि वितरण, घाँसका विउँ वितरण, पशु निशुल्क खोप, कृतिम गर्भाधानका उन्नत बिउ वितरण, उन्नत जातका बिउँ बोका वितरण, प्राविधिक र परामश निशुल्क सेवा, व्यवसायिक पशुपालन तालिम, निशुल्क वोयर जातका बोका वितरण तथा निशुल्क गाबर परिक्षण सेवाहरु संचालन गरीएका छ ।

भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन गर्ने, परम्परागत रुपमा चलिआएका जात्रा, मेला तथा पर्वका सञ्चालन र व्यवस्थापन गर्ने, स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन गर्ने, पर्यटकीय महत्वका स्थल तथा सम्पदाका पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने, पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने, रामधुनी मन्दिर परिसरलाई गुरुयोजना वनाई पूर्वाञ्चलका प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने तथा नगरमा रहेका वभिन्न जात जाती,भाषा, धर्म, सम्प्रदायको, पहिचान र उत्थान गर्ने नीति अनुसार रामधुनी मन्दिर परिसरमा टाईल, पार्क शौचालय आदिका निर्माण कार्य शुरु गरिएको, वाडा नं. २ मा आदिवासी जनजाती संग्राहलय निर्माण भई रहेको, वडा नं. १ मा आदिवासी पार्क, वडा नं. ५ मा डग्राही पोखरीमा पार्क, वडा नं. ६ मा शंकरवेली पार्क, वडा नं. ७ मा रास, जुडी, प्रेम र रानी पोखरीमा पार्कहरु बन्ने कार्य भइ रहेका साथै वडा हरुमा मठ मन्दिर धार्मिक स्थलहरुका निर्माण संरक्षण गर्ने कार्य भएका छ ।

२०७४ साल आषाढमा सम्पन्न भएको पहिला ऐतिहासिक स्थानीय तहका निर्वाचन पछि हामिले यो नगरका जिम्मवारी सम्हालेका करिव तिन वर्षको अवधी व्यतित हुंदैछ र हामीले ३ वटा आर्थिक वषको वार्षिक बजेट तथा कार्यक्रमलाई कायान्वयन गरकाछा । यस अवधिमा कानुनी, प्रशासनिक र संरचनागत व्यवस्था अत्यन्तै सक्रमण कालिन रहयो । नयाँ कानुनहरुका तर्जुमामा कठिनाई, विधी व्यवस्थापनमा चुनौति, कर्मचारी समायाजनमा भएका ढिलाई र प्रशासनिक भवनको अपर्याप्तता, कोरोना भाईरस महामारी जस्ता कठिनाइको सामना गर्दै यस नगरमा पूवाधार र सामाजिक विकासका क्षेत्रमा एक हद सम्म सफलता प्राप्त भएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

आज वडा वडामा नयाँ पक्की नाला तथा सडक निर्माण र विस्तारका गति तिव वनेको छ । भऽालङ्ग पुल, पुलेसा, कर्ल्भट, एजिङ्ग नाला निर्माणको कामले पनि उचाई प्राप्त गरिरहेका छ । हजार माथीका हाराहारीमा विपन्न महिला उद्यमशील वनि सकेका छन भने अझै उद्यमशील वन्ने प्रक्रया जारीछ । हिंसापीडित र असुरक्षित महिलाको लागि हामिले (सेफहाउस) सुरक्षित आवास गृह निर्माण भइरहका छ । कैंयौ दीर्घकालिन महत्वका गौरव गर्न लायक योजनाहरु शुरु भएका छन भने केही शुरुवातीको चरणमा रहेका छन । ठूला र दीर्घकालिन महत्वका योजना र कार्यक्रमको पूर्व तयारीको लागि प्रर्याप्त समय लाग्ने हुंदा केही ढिलाइ भएको छ तर आगामी दिनमा यस्ता याजना तथा कार्यक्रम सम्पन्न भइ परिणाम प्राप्त हने विश्वास लिएकी छ ।

सभाध्यक्ष ज्य

अब म चालु आर्थिक बष २०७६/७७ का बजटको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

१४. चालु आथिक बषको लागि संघीय सरकारबाट प्राप्त बित्तीय समानिकरण अनुदानबाट रु १५

करोड ५४ लाख , शसत अनुदानबाट रु १७ करोड, समपुरक अनुदान रु ६८ लाख राजश्व वाडफाड १० करोड ६० लाख र आन्तरिक आयबाट रु. ४ करोड ३५ लाख ९ हजार, जनसहभागिता वाट रु. २ करोड १० लाख त्यसैगरी प्रदेश सरकारबाट पाप्त वित्तीय समानिकरण अनुदानबाट प्राप्त हुने ७६ लाख ६९ हजार, राजश्व बाडफाँड रु ६८ लाख ८२ हजार समेत गरि कुल जम्मा रु ५० करोड ७३ लाख हुने अनुमान गरिएकामा छैठा नगर

सभा वाट संसोधन हुदाँ संघिय सरकार तराई मधेश समृद्धि कार्यक्रम वाट रु. १ करोड १५ लाख, संघिय सरकार स्वास्थ्य मन्त्रालय वाट रु. २ करोड ५७ लाख ८१ हजार, सडक वोड नेपाल सडक मर्मत सुधार गर्न रु. २५ लाख, संघिय सरकार समपुरक अनुदान ६८ लाख, प्रदेश संसद पुर्वाधार विकास कार्यक्रम शर्सत अनुदान वाट रु. १ करोड ४४ लाख ७७ हजार, प्रदेश सांसद बिशेष कार्यक्रम शर्सत अनुदान रु. ७७ लाख ५० हजार, प्रदेश समपुरक १ करौड ५० लाख, प्रदेश बिशेष रु २५ लाख समेत गरि कुल जम्मा रकम रु ६७ करोड ३२ लाख ७३ हजार पाप्त हुने संशोधित आय अनमान हुने पारित भएको जानकारी गराउन चाहन्छु ।

त्यस्तै,

पुजीगत खच तर्फ जम्मा रु. ३६ करोड १३ लाख ३६ हजार र चालु खच तर्फ ३१ करोड ४३ लाख ४६ हजार खच हुने संसोधित व्ययको अनुमान गरिएकोमा जस मध्ये २०७७ जेष्ठ मसान्त सम्ममा कोरोना माहामारिको कारण कतीपय महत्व पुण कार्यहरु हुन नसकिएको र कतिपय कार्यहरु अहिले सम्म संचालनमा रहेका जसमध्ये पुर्वाधार तर्फको ९५ प्रतिशत कर्य सम्पन्न हुने चरणमा रहेका छ भने अन्य क्षेत्रका ६० प्रतिशत कार्यहरु सम्पन्न भएको यस सभामा जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष ज्य

अब म आगामी आर्थिक बष २०७७/७८ को बजटको प्रस्तुती राख्न चाहन्छु ।

## खण्ड २

## आगामी आर्थिक बर्षको नीति, बजेट तथा कार्यक्रम

२.१ सोच, लक्ष्य, लक्ष्य, उदेश्य र अपेक्षित उपलवधि :

२.१.१ सोच : “व्यवसायिक कृषि र उद्यम सहितका पर्यटकीय शहर,
स्वस्थ,सुसस्कृत र प्रविधिमा आधारित समृद्ध रामधुनी नगर”

२.१.२ लक्ष्य

"आगामी ५ बर्ष भित्र दीगा शहरी विकासका लागि आवश्यक आर्थिक, सामाजिक, भौतिक, सास्कृतिक तथा प्रशासनिक पूर्वाधारहरूको जग स्थापित भई आगामि २५ बर्ष भित्र सुनसरी जिल्लाका एक सुविधा सम्पन्न समृद्ध नगरका रुपमा विकसित भएका हुनेछ"

१.५ उदेश्य

“ आवधिक नगर विकास योजनाल लक्ष्य गरेको आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकासका
लागि दीर्घकालीन सोचल निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गन यो वार्षिक योजना तर्जुमाले
सहयोग गर्नेछ"

वृहत्तर रामधुनीका अवधारणा, नगरपालिकाले तर्जुमा गरिरहेको बार्षिक योजना र अगामी दिनमा तयार पान दीर्घकालिन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको योजनाल परिकल्पना गरेका वातावरणीय तथा आवासीय

दृष्टिकोणबाट स्वच्छ, शैक्षिक बिकासका दृष्टिकोणबाट स्वावलम्वी र उद्यमशीलता, व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट सम्वृद्ध औद्योगिक नगरका दीर्घकालिन लक्ष्य प्राप्तिका लागि उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य,

आवास जस्ता क्षेत्रमा बिद्यमान अपार संभावना र चुनौती समेतलाइ ध्यानमा राखी देशले अंगिकार गरेका दीघकालिन विकास नीति, दिगो विकासका लक्ष्य(SDGs), राष्ट्रिय शहरी बिकास नीति, राष्ट्रिय योजना आयोगका माग निर्देशन, संघीय मामिला तथा समान्यप्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका माग निर्देशन, नेपाल मानव विकास सुचकाङ्क, जिल्ला आवधिक योजना, नगरपालिका अनुदान संचालन कार्यविधि २०६७, नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७, बालमैत्री स्थानिय शासन कार्यविधि तथा रणनिति २०६८, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तथा बातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०, स्थानीय सरकार संचालन ऐन २०७४, समेतलाइ आधार बनाइ शहरी पूर्वाधार तथा भौतिक बिकास, साहित्य कला, संस्कृति र पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुद, गरिवी न्युनिकरण तथा लक्षित क्षेत्र बिकास, वातावरण तथा बिपद व्यवस्थापन, आर्थिक बिकास, बित्तीय बिकास, संस्थागत बिकाससंग सम्बन्धित नीति तर्जुमा, क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरु र केही रणनीतिक परियोजनाहरु कार्यान्वयन गरी आर्थिक तथा सामाजिक उन्नतिमा नगरवासीहरुका पहुंच बृद्धि गर्नु आ.व.२०७७/०७८ का नीति तथा कार्यक्रमका मुख्य उद्धेश्य हुनेछ ।

<u>२.२ बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :</u>

२.२.१ समग नीति तथा आधारहरु :

नगरपालिकाबाट निम्न बमोजिमका बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्राथमिकताका आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएका छ ।

१. आधारभूत तथा आधुनिक शहरी सेवा सुविधाको पर्याप्त उपलब्धता सहित स्वच्छ, सृजनशिल र सम्वृद्ध औद्योगिक नगरका दीर्घकालिन लक्ष्य प्राप्तिका लागि दिगा आर्थिक वृद्धि हासिल गन कृषिमा आधुनिकीकरण, पर्यटन विकास र औद्योगिक क्षेत्रका प्रवर्द्धन गर्ने,

२. माँगमा आधारित समयानुकुल गुणात्मक शैक्षिक विकासमा सम्बन्धित निकायहरुसंग सहकाय गर्ने,

३. सुरक्षित आवासका लागि बिद्यमान नीतिहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन र सरोकारवाला निकायहरुसंग सहकाय अभिबृद्धि गर्ने,

४. स्थानीय निकायका हैसियतमा प्रचलित कानुन बमोजिम नगरपालिकाल लगाउन र उठाउन पाउन कर तथा आम्दानीका क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगका सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण र एकिकृत नगर सूचना प्रणालीका बिकास गरी उपलब्ध श्रोतहरुको अधिकतम उपलब्धि हुन गरी परिचालन गर्ने,

५. सामाजिक मुलधारबाट पछि परेका वा पारिएका महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वग र अति गरीव तथा सिमान्तकृत समुदायका विकासमा श्रोत साधनलाई यथोचित विनियोजन गर्ने,

६. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका गैर सरकारी संघसंस्था, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, र अन्य सरोकारवाला संघ संस्थाहरुसंग नगर क्षेत्रका विकास निर्माणको लागि सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

७. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाइ सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिकाको सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने,

८. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता बिकास योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिने,

९. शिक्षा, संस्कृति, भाषा, साहित्य, खेलकुदका योजनाबद्ध बिकास गर्ने एव पर्यटन क्षेत्रका विकासमा विभिन्न सरोकारवाला निकायहरु बीचका सहकार्यलाइ अघि बढाउन ,

१०. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगि संघसंस्थाहरुका सशक्तिकरण गरी स्वावलम्बन विकासको अवधारणालाई वढवा दिने,

११.सामाजिक न्याय र संबृद्धिको लागि नगर क्षेत्रका श्रोत साधनलाई प्रयोग गन ।

१२ नगरपालिका मुख्य कार्यालय भवन निर्माणलाइ उच्च प्राथमिक्तामा राखि बजेट विनियोजन गरिएकोछ भने वडा कार्यालय भवन नभएका वडाहरुलाइ पनि कार्यालय भवनकालागि निरन्तरता दिईएकोछ ।

१३ रामधुनी नगरलाई उज्याला नगरका रुपमा विकास गरिनेछ साथ हरियाली शहरका रुपमा विकास गरिनेछ ।

१४. शहरी विकास मार्फत बक्लौरी, कुमरखत, पंचायन, सिंगिया, लालपुर, शिवनगर, कुम्याही र डुम्राहालाइ स्याटलाईट शहरका रुपमा विकास गन नीति लिईनेछ ।

१५. रामधुनी नगरपालिका वडा नं. ९ स्थित रहेका धुराहा खेलमैदानलाई स्तरोन्नती गरी नगर स्तरीय स्टेडियमका रुपमा विकास गन प्राथमिकतामा राखी अगाडि बढाउन नीति अवलम्वन गरिनेछ ।

२.२.२ क्षेत्रगत नीति नीति तथा आधारहरु :

(क) आर्थिक विकास क्षेत्र :

कृषी विकास तर्फ १३ बुदा, पशु विकास तर्फ ६ वटा बुदा, सहकारी विकास तर्फ ५ वटा बुदा, उधोग तथा उधम शिल्ता तफ ९ वटा वुदा र रोजगार प्रबर्द्धन गन तर्फ १० वटा बुदामा रहेका पाँचा नगर सभा वाट पारित नीतिहरुलाइ नै निरन्तरता दिदै उक्त नीति तथा कार्यक्रमहरुलाइ पुरा गार्न आर्थिक विकास तर्फ रु. ३ करोड ६६ लाख ५५ हजार बजेट विनियोजन गरिएको छ । जसमा कृषी विकासमा १ करोड ५७ लाख ५५ हजार पश विकासमा २८ लाख ९० हजार,  पर्यटन विकासमा १ करोड ११ लाख ६० हजार उदयोग २८ लाख पचास हजार सहकारी २ लाख बजेट विनियोजन गरिएको छ ।

(ख) सामाजिक विकासका क्षेत्र :

आधारभुत तथा माध्यमिक शिक्षा तफ १२ बुदा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप तर्फ ६ वटा बुदा, आधारभुत स्वास्थ्य तथा सरसफाई तर्फका १६ बुदा, लैङ्गिक समानता तफ ७ वटा वुदा , बालबालिका, किशोर किशोरी तथा यूवा तर्फका १२ वटा बुदाँ, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक तर्फका ९ वटा बुदा, गैरसकारी संस्था परिचालनका ४ वटा बुदाँ, सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता तर्फका ४ वटा वुदा, संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन तर्फका ८ वटा बुदा  बुदामा रहेका पाँचौ नगर सभा वाट पारित नीतिहरुलाइ नै निरन्तरता दिद उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गार्न आगामी बर्षमा कुल बजेट २४ करोड १ लाख ९६ हजार बिनियोजन गरिएकछ । जसमध्य आधारभुत शिक्षा तफ १६ करोड ९२ लाख ३७ हजार, आधारभुत स्वास्थ्य तफ ३ करोड २९ लाख २७ हजार, युवा तथा  खेलकुद विकास तफ ४७ लाख ६७ हजार, खानेपानी तथा सरसफाइ तर्फ १७ लाख ८७ हजार, भाषा तथा संस्कृती २ लाख ९२ हजार, सामाजिक सुरक्ष तथा संरक्षण ८८ लाख २१ ह्जार, लैङ्गिक समान्ता तथा सामाजिक समावेसी कार्यक्रम तफ २ करौड २३ लाख ६५ हजार मध्य महिला तफ २४ लाख ९८ हजार, बालबालिका तर्फ ९६ लाख ३१ हजार, आदिवासी जनजाती लक्षित विकासतफ ९ लाख ७९ हजार, मधेशी मुस्लीम पिछडा बर्ग विकास ९ लाख ८३ हजार, दलित विकास तर्फ ७ लाख ८१ हजार अपाङ्ग लक्षित विकासमा ७६ लाख ६० हजार,.जेष्ठ नागरिक तफ ८ लाख ८० हजार  विनियोजन गरिएको छ ।.

(ग) पुर्वाधार विकासका क्षेत्र :

भौतिक पुर्वाधारको विषयमा सडक तथा यातायात व्यवस्था तर्फ १३ वटा बुदाँ, जल विधुत, उर्जा, सडक वती व्यवस्थापनका ६ वटा बुदा, सिचाइ तथा जलउत्पन्न प्रकोपका ५ वटा बुदाँ, खानेपानी व्यवस्था सम्बन्धिका ६ वटा बुदा, सार्वजनिक निजी साझैदारीको ५  वटा वुदाँ, भुमि व्यवस्था तथा भवन नियमनका भ उपयोग तथा बस्ती विकासको १० वटा वुदाँ, भवन तथा भवन सहिता निर्माण इजाजतका ६ वटा वुदाँ, योजना संचालनका ११ वटा वुदाँ, अनुगमन तथा मुल्याँकनका ५ वटा वुदाँ, तथ्याँक व्यवस्थापनका ५ वटा बुदाहरुमा रहेका पाँचा नगर सभा वाट पारित नीतिहरुलाइ नै निरन्तरता दिद थप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाइ पुरा गार्न आगामी बर्षमा कुल बजेट २० करोड ३९ लाख २४ हजार बिनियोजन गरिएकाछ । जस मध्य यातायात पुर्वाधार तफ रु. १५ करोड ५६ लाख १६ हजार, भवन आबास तथा शहरी विकास तफ ४ करोड ५५ लाख ६० हजार र अन्य रु. २७ लाख ४८ हजार विनियोजन गरिएको छ ।

थप  नीतिहरु

१. यस नगरपालिकाको सब योजनामा जन सहभागिताका रकम उठन कठिन भएकोल विद्यालय, मठ मन्दिर, न.पा. तथा वडा कार्यालय भवनहरु, सामुदायिक तथा सार्बजनिक भवन निर्माणका योजनाहरुमा २० प्रतिशत लागत सहभागिता न.पा. मा जम्मा गन नपन तर लागत सहभागिता वरावरको जनश्रमदान २० प्रतिशतका काय उपभोक्तल गन पन नीति लिईन ।

२.

३.

(घ) शुसान तथा अन्तर सम्बन्धित क्षेत्र : कुल बजेट २ करोड ७९ लाख ८६ हजार बिनियोजन गरिएकोछ ।

बन वातावरण तथा विपद व्यवस्थापन तर्फका बन बनयजन्तु, भ-संरक्षण तथा जैविक विविधता संरक्षणका १५ वटा बुदाँ, वतावारण, पर्यावरण एव जलाधारक्षेत्र संरक्षणका १० वटा बुदाँ, फोहरमैला व्यवस्थापनका १० वटा बुदाँ, विपद व्यवस्थापनका १२ वटा बुदाँ, मा रहेका पाँचा नगर सभा वाट पारित नीतिहरुलाइ नै निरन्तरता दिदै थप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाइ पुरा गन आगामी बर्षमा जस मध्य विपद व्यवस्थापन तफ १ करोड ४० लाख २० हजार बिनियोजन गरेकोछ ।

१. कोविट १९ का सन्दर्भहरु

२. अन्य

त्यस्त सस्थागत तथा शुसासन तफ संस्थागत विकासका ५ वटा बुदाँ, आर्थिक प्रशासनका ४ वटा बुदाँ, वितिय व्यवस्थापनका ५ वटा बुदाँ, विदायन सम्बन्धि २ वटा बुदाँ, न्याय, कानुन तथा मानवअधिकार प्रबर्द्धनका ३ वटा बुदा, नगर प्रहरी व्यवस्थापनका २ वटा बुदाँ, सुचना तथा संचार प्रविधि विकास तथा विस्तारका ४ वटा बुदाँमा रहेका पाँचा नगर सभा वाट पारित नीतिहरुलाइ न निरन्तरता दिद थप देहायका नीति प्रस्ताव गरी उक्त नीति तथा कार्यक्रमहरुलाई पुरा गार्न आगामी बर्षमा कुल बजेट १ करोड ३९ लाख ६६ हजार बिनियोजन गरिएकोछ ।

आदरणिय सभाध्यक्ष ज्यू

अब म यस नगरपालिकाल प्रस्तुत गरिएको नीति तथा कार्यक्रम पुरा गर्न यस आ.ब. ०७७।०७८ कोलागि ६१८,१८९,९३९.०० एकसठि करोड एकासी लाख उनान्ब हजार नौसय उनचालिस मात्रका अनुमानित आय व्यय विवरणको अनुसार चालु खच रकम रु. ३५ करौड ५८ लाख ३७ हजार र पुजीगत खच रकम रु. २६ करोड २३ लाख ५२ हजार मात्रका सारांश प्रस्तुत गन अनुमती चाहन्छ ।

| आय विवरण | | | | व्यय विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| क. स. | विवरण | रकम रु. | प्रतिशत | क.सं. | विवरण | रकम रु. | प्रतिशत |
| १. | आन्तरिक आय | ४०,०००,००० | ६.४७ | १. | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११२,४२८,७२४.०० | १८.१९ |
| २. | वितिय समानिकरण अनुदान (सघिय सरकार) | १५१,२००,०००.०० | २४.४६ | २. | आर्थिक विकास | ३३,६५५,०००.०० | ५.४४ |
| ३. | वितिय समानिकरण अनुदान (प्रदेश सरकार) | ७,६३३,०००.०० | १.२३ | ३. | सामाजिक बिकास | २४०,१९५,६९९.०० | ३८.८५ |
| ४. | शसर्त अनुदान ( सघिय सरकार) | २१२,१००,०००.०० | ३४.३१ | ४. | भौतिक पुर्वाधार | २०३,९२४,२७६.०० | ३२.९९ |
| ५. | राजस्व वाड फाँड ( सघिय सरकार) | ९२,७२८,६९०।०० | १५.०० | ४.१ | शुसान तथा अन्तर सम्बन्धित | २७,९८६,२४०.०० | ४.५३ |
| ४. | प्रदेश शसर्त अनुदान | २,४६७,३४७।०० | ०.४० | ४.२ | | | |
| ५. | करुणाफाउन्डेसन | २,४६७,३४७।०० | ०.४० | ४.३ | | | |
| ६. | गत वर्षका अ.ल्या. | ७९,५९३,५५५।०० | १२.८८ | ४.४ | | | |
| ७. | लागत सहभागिता | ३०,०००,०००.०० | ४.८५ | ४.५ | | | |
| | कुल जम्मा( | ६१८,१८९,९३९.०० | १०० | | कुल जम्मा | ६१८,१८९,९३९.०० | १०० |

नगर कार्यपालिकाको

कार्यालय, सुनसरी

बजट उपशीर्षक अनसार बजट

लवलनर्ोजन

आ.व. : २०७७/७८

रु. हजारमा

| लस.नं. | संकेत | बजट उपशीर्षक | लवलनर्ोजन रु. | स्रोत: आन्तररक श्रोत | अनतर सरकारी लवततीर: नेपाल सरकार | प्रदेश सरकार | स्थानीर् | ऋण | जनसहभालगता | बैदलशक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०११४४०४१०१ | रामधुनी नगरपालिका | २,२१,०९४ | १,९५,८७७ | १०,२५० | ७,६३३ | | | ७,३३४ | |
| २ | ८०११४४०४२०१ | रामधुनी नगरपालिकावडा न.१ | २०,०८० | १,१०० | १६,१०० | | | | २,८८० | |
| ३ | ८०११४४०४२०२ | रामधुनी नगरपालिकावडा न.२ | १९,६९० | १,२०० | १५,८५० | | | | २,६४० | |
| ४ | ८०११४४०४२०३ | रामधुनी नगरपालिकावडा न.३ | १९,८१५ | १,१०० | १६,१०० | | | | २,६१५ | |
| ५ | ८०११४४०४२०४ | रामधुनी नगरपालिकावडा न.४ | १९,७३० | १,१०० | १६,१०० | | | | २,५३० | |
| ६ | ८०११४४०४२०५ | रामधुनी नगरपालिकावडा न.५ | १९,२६० | २,१०० | १५,१०० | | | | २,०६० | |
| ७ | ८०११४४०४२०६ | रामधुनी नगरपालिकावडा न.६ | १९,७५९ | ३,२०० | १४,००० | | | | २,५५९ | |
| ८ | ८०११४४०४२०७ | रामधुनी नगरपालिकावडा न.७ | १९,३७० | १,६२० | १५,६०० | | | | २,१५० | |
| ९ | ८०११४४०४२०८ | रामधुनी नगरपालिकावडा न.८ | १९,७४० | १,१०० | १६,१०० | | | | २,५४० | |
| १० | ८०११४४०४२०९ | रामधुनी नगरपालिकावडा न.९ | १९,८९२ | १,२०० | १६,००० | | | | २,६९२ | |
| ११ | ८०११४४०४३ | अपाङ्गता रोकथाम तथा | ५,१९१ | ५,१९१ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०४ | कार्यक्रम | | | | | | | | |
| १२ | ८०११४४०४५ ०२ | प्रदश सरकारबाट हस्तान्तररत कार्यक्रम | २,४६७ | | | २,४६७ | | | | |
| १३ | ८०११४४०४५ ११ | संघीर् सरकारबाट हस्तान्तररत कार्यक्रम | २,१२,१०० | | २,१२,१०० | | | | | |
| | | कुल जम्मा | ६,१८,१८९ | २,१४,७८९ | ३,६३,३०० | १०,१०० | | | ३०,००० | |

## २.४.अनुमानित व्यय र श्रोत व्यवस्थापन

रामधुनी नगरपालिका
नगर कार्यपालिकाको
कार्यालय, सुनसरी

अनुसूची १

श्रोतगत कुल बजट
सीमा

आ.व. : २०७७/७८

रु. हजारमा

| लस.नं. | स्रोत समह | बजटको स्रोत/तह | स्रोत | प्रालिकको लवलध | जम्मा बजट |
|---|---|---|---|---|---|
| 1 | संघीर् | नेपाल | समालनकरण अनुदान | नगद अनुदान | 151200 |
| 2 | संघीर् | नेपाल | शसत अनुदान | नगद अनुदान | 212100 |
| 3 | संघीर् | नेपाल | शसत अनुदान पुजँजीगत | नगद अनुदान | 212100 |
| 4 | संघीर् | नेपाल | समपुरक अनुदान पुजँजीगत | नगद अनुदान | 6800 |
| 5 | प्रदश सरकार | प्रदश नंबर १ | समालनकरण अनुदान | नगद अनुदान | 7633 |
| 6 | प्रदश सरकार | प्रदश नंबर १ | शसत अनुदान | नगद अनुदान | 2467.347 |
| 7 | प्रदश सरकार | प्रदश नंबर १ | शसत अनुदान | नगद अनुदान | 55000 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पु◌ुँज◌ीगत | | |
| 8 | प्रदश सरक◌ार | प्रदश न◌ंबर १ | समपुरक अन◌ुदान पु◌ुँज◌ीगत | नगद अन◌ुदान | 15000 |
| 9 | प्रदश सरक◌ार | प्रदश न◌ंबर १ | अन्र् अन◌ुदान | नगद अन◌ुदान | 2467.347 |
| 10 | र◌ाजस्व | र◌ाजस्व ब◌ा◌ुँडफ स◌ंघ◌ीर् | र◌ाजस्व | नगद | 92728.69 |
| 11 | अन्तररक श्र◌ोत | करुण◌ा फ◌ाउन्डेसन | आन्तररक श्र◌ोत | नगद | 0 |
| 12 | अन्तररक श्र◌ोत | करुण◌ा फ◌ाउन्डेसन | अन्र् स◌ंस्थ◌ागत आन्तररक अन◌ुदान | नगद | 0 |
| 13 | अन्तररक श्र◌ोत | आन्तररक श्र◌ोत | आन्तररक श्र◌ोत | नगद | 119593.555 |
| 14 | जनसहभ◌ालगता | जन सहभ◌ालगता | आन्तररक श्र◌ोत | नगद | 30000.00 |
| 15 | जनसहभ◌ालगता | जन सहभ◌ालगता | अन्र् व्यक्त◌िगत आन्तररक अन◌ुदान | नगद | 0 |
| जम्म◌ा | | | | | ६,१८,१८९ |

## नगरका थप नीतिहरु

१. सम्पूर्ण वडाहरुमा २०,२५,३० र ४० लाख सम्मका कालोपत्रे लगायतका ठुला योजना संचलानमा ल्याईएकोछ

२. यस आ.व. मा नगरको आफ्न बारुण यन्त्र खरिद गन व्यवस्था गरिएका छ

३. प्रदेश सरकार, करुणा फाउन्डेसन र यस नगरका साझेदारीमा अपाङ्ग पुनसथापना कार्यक्रम संचालन गरिने छ

४. कोरोना (COVID-19) लक्षित गरि जम्मा १ करोडको बजेटको व्यवस्था गरिएका छ

५. कोरोना महामारीले गदा खर्च हुन नसकेका गत आ.व. का योजनाहरु यस आ.व. मा सम्पन्न गन गरि सारिएको छ

६. ऐतिहासिक रामधुनी मन्दिरका लागि रु.५०,००,००० बजेट बिनियोजन गरिएको छ

७. कृषि प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत कृषकहरुलाइ प्रविधि हस्तान्तरण (पावर ट्रेलर) सम्बन्धि कार्यक्रम प्रस्तुत गरिएको छ

८. रोजगार प्रवर्धन गन विदेशबाट फर्किएका युवाहरुका लागि उनीहरुल सिकेका सिपका आधारमा सहकारी प्रवर्धन कार्यक्रमलाइ प्राथमिकता दिन नीति अवलम्बन गरिन छ

९. यस नगरद्वारा संचालित क्वारेन्टाइनलाई थप व्यवस्थित गद लगिन छ

१०. उद्यमशिलतालाइ प्रवर्धन गन आदिवासी जनजातिहरुका कला र संस्कृतिलाई प्रस्फुटन गन नीति अवलम्बन लिईनेछ

११. सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा भर्ना हुने सम्पूर्ण विद्यार्थीहरुलाइ निशुल्क पठनपाठनका व्यवस्था मिलाईनेछ

१२. वडा नं. ५ मा सामुदायिक विद्यालय स्थापना गरि संचालनमा ल्याईनेछ

१३. यस अघि जनता स्कुल सिंगियामा कम्प्युटर इन्जिनियरिंगको कक्षा संचालनमा रहेकोमा भा.सि. क्याम्पसमा CTEVT मार्फत इन्जिनियरिंग कक्षा संचालनमा ल्याईने छ

१४. यस आ.व. मा आदश मा.वि. लाई नमुना विद्यालयका रुपमा विकास गरिन छ

१५. नगरमा एउटा अस्पतालका आवश्यकता रहेकोमा बक्लौरी स्वास्थ्य चौकीलाई अस्पताल बनाउन स्वीकृति भइ आएकोमा आन्तरिक श्रोतबाट जग्गा किन्न बजेट छुटयाइएका छ

१६. बृहतर यौनिकता शिक्षा बार चेतनामुलक कार्यक्रम संचालन गन र बालमैत्री नगर बनाउन र युवा समिति गठन गन नीति अवलम्बन गरिएको छ

१७. सेफ हाउसका लागि बजेट बिनियोजन गरिएका छ

१८. नगरका सम्पूण स्वास्थ्य स्वयम्सेविकाहरुको कोरोना बिमा गरिने छ

अन्त्यमा,

यो बजेट निर्माण प्रकियामा महत्वपूण सहयोग गर्नु हने आदरणिय नगर प्रमूखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामश समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयाजक ज्यू र सदस्यज्यूहरु, योजना तर्जमा समितिका सचिवज्य, राजश्व परामश समिति र बिषयगत समितिका सचिवज्यूहरु, कार्यपालिका सम्पूण सदस्यज्यूहरु, नगरपालिका अधिकृत तथा कर्मचारी साथीहरु तथा प्राविधिक कर्मचारी साथीहरु त्यसैगरी योजना तर्जुमा समितिलाइ महत्वपूर्ण सल्लाहा सुझाव दिनु हने पदाधिकारी सदस्यहरु, विज्ञ सल्लाहकार ज्यूहरु,

आदिबासी जनजाती अभियन्ताहरु, महिला संजाल, नगरबाल संजाल, दलित अभियान्ताहरु, नागरिक समाज, ज्येष्ठ नागरिक, पत्रकारबन्धहरु लगायत अमल्य सल्लाह सुझाव दिनु हुने सम्बन्धित सब प्रति हादिक आभार प्रकट गर्दै धन्यबाद दिन चाहान्छ।

आगामी आर्थिक बर्षका लागि पेश गरिएका नीति, बजेट तथा कार्यक्रम र सो सँग सम्बन्धित अर्थ विधयक र बिनियाजन विधयक उपर रचनात्मक र सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरि दिनु हनेछ भन्ने विश्वासका साथ सम्पूण नगरसदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु।

## धन्यबाद